# भाग ५

## नेपाल सरकार

## अर्थ मन्त्रालयको

## सूचना-१

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०८२ को दफा १८ को उपदफा (२) को अधिकार प्रयोग गरी नेपालका लागि भारतीय राजदूतावासको No. KAT/DP&R/२०२६/३७ को कूटनीतिक नोट तथा सो साथ संलग्न कागजातबाट संवत् २०८२ फागुन २१ गतेको प्रतिनिधि सभा निर्वाचन सहजीकरण प्रयोजनका लागि नेपाल सरकारलाई भारत सरकारबाट सहयोग स्वरुप प्रदान गरिएका ५३८ वटा सवारी साधन (SUV-Mahindra Scorpio Classic- 88 units, Double Cab Pick Up Vehicles- Mahindra Bolero Camper 4 WD-300 units, Double Cab Pick Up Vehicles (Premium)- Mahindra Scorpio PIKUPS6 4WD-150 units) मध्ये ५३७ वटा हस्तान्तरण भइसकेकोमा १ थान Double Cab Pick Up Vehicles (Premium)- Mahindra Scorpio PIKUPS६ ४WD उत्पादन स्थलदेखि वीरगञ्ज-रक्सौल भन्सार विन्दुसम्म ल्याउने क्रममा क्षतिग्रस्त भएको र सोको सट्टामा पठाइएको सवारी साधन सन् २०२६ को मार्च १५ देखि १६ सम्म भन्सार विन्दुमा आइपुग्ने हुँदा उक्त सवारी साधन आयातको सम्बन्धमा कानून बमोजिम भन्सार जाँचपास एवम् आयात गर्दा लाग्ने भन्सार महसुल, कर तथा अन्य सबै प्रकारका शुल्क छुटको निर्णय नेपाल सरकार, अर्थ मन्त्रालयबाट निर्णय भइसकेकोमा हाल दुर्घटनाको कारण भारतीय राजुदुतावासको No. KAT/DP&R/२०२६/३७ को कूटनीतिक नोट तथा गृह मन्त्रालयको मिति २०८२/१२/०२ को निर्णयानुसार पुरानो सवारी साधन (दुर्घटना भएको सवारी साधन) को सट्टा नयाँ प्रस्ताव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भई आएको सवारी साधन भारतीय रुपैयाँ ७,४३,६४५.७९ (अक्षरेपि सात लाख त्रिचालिस हजार छ सय पैंतालिस रुपैयाँ उनासी पैसा) बराबरको रकम सोधभर्ना गरी उक्त सवारी साधनको पैठारीमा लाग्ने भन्सार महसुल, शुल्क, दस्तुर कर पूर्ण छुट दिने निर्णय मिति २०८२/१२/१५ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना-२

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०८२ को दफा १८ को उपदफा (२) को अधिकार प्रयोग गरी UNFPA को नाममा आयात भई स्वास्थ्य सेवा विभाग परिवार कल्याण महाशाखा टेकुलाई हस्तान्तरण हुने सुरक्षित प्रसुति सेवाका लागि आवश्यक पर्ने अमेरिकी डलर २५,४५६.५८ (अक्षरेपि पच्चिस हजार चार सय छपन्न सेन्ट अन्ठाउन्न) मूल्य बराबरका (बिजक नं. र मिति 0017422, 24 October-2025, 0017421, October-23-2025, PE6128, Sep-8-2025, As2510120, 25-07-2025, CI2503260, 24-11-2025, CI2503256, 12-11-2025, CI2503257, 12-11-2025, CI2503258, 12-11-2025, Ci2503259, 24-11-2025 र INV25-01935,31 July 2025) उपकरणहरूको पैठारीमा लाग्ने भन्सार महसुल तथा अन्य दस्तुर, शुल्क वा कर पूर्ण छुट दिने निर्णय मिति २०८२/१२/१५ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना-३

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०८२ को दफा १८ को उपदफा (२) को अधिकार प्रयोग गरी स्वास्थ्य सेवा विभाग, परिवार कल्याण महाशाखा, टेकुलाई USAID/FHI ३६० बाट SNCU/NICU सेवाका लागि आवश्यक औजार अनुदानस्वरुप प्राप्त हुने



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अमेरिकी डलर ८,४२४।- (अक्षरेपि आठ हजार चार सय चौबिस डलर) मूल्य बराबरको २७० वटा Suction Canister Holder, 20 each (Medline) को पैठारीमा लाग्ने भन्सार महसुल, मूल्य अभिवृद्धि कर तथा अन्य कर पूर्ण छुट दिने निर्णय मिति २०८२/१२/१५ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना-४

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०८२ को दफा १८ को उपदफा (२) को अधिकार प्रयोग गरी गर्भनिरोधक तथा सुरक्षित सेवाका लागि अनुदानस्वरुप UNFPA बाट प्राप्त भई स्वास्थ्य सेवा विभाग, परिवार कल्याण महाशाखा टेकुलाई हस्तान्तरण हुने अमेरिकी डलर १२,४१,०१०।- (अक्षरेपि बाह्र लाख एकचालिस हजार दश डलर) मूल्य बराबरको Dimple Medroxyprogestrone Acetate USP 150 mg/ml syringe, autodestructable 2 ml with needle 22G*l, Contraceptive Jadelle Implants 2*75mg 100 pouch, Male Latex Condom, 53 mm (Standard and Cholcolate) को पैठारीमा लाग्ने भन्सार महसुल तथा अन्य दस्तुर, शुल्क वा कर पूर्ण छुट दिने निर्णय मिति २०८२/१२/१५ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना-५

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०८२ को दफा १८ को उपदफा (२) को अधिकार प्रयोग गरी सरकारी तथा निजी विद्यालयमा अध्ययनरत विद्यार्थीलाई वर्षमा दुइपटक जुकाको औषधि खुवाउने कार्यक्रमको लागि WHO Nepal मार्फत सहयोग स्वरुप प्राप्त भई परिवार कल्याण महाशाखा टेकुलाई हस्तान्तरण हुने अमेरिकी



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

डलर १,११,९००।- (अक्षरेपि एक लाख एघार हजार नौ सय डलर) मूल्य बराबरका Albendazole tab 400 mg व्याच नं. Ref 6L2K का ६७५५ वटा Albendazole tab 400 mg व्याच नं. Ref 794F का १२,४०२ वटा Albendazole tab 400 mg व्याच नं. Ref 8A3W का ८,८१८ वटा Albendazole tab 400 mg को पैठारीमा लाग्ने कर, दस्तुर तथा महसुल पूर्ण छुट दिने निर्णय मिति २०८२/१२/१५ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना-६

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०८२ को दफा १८ को उपदफा (२) को अधिकार प्रयोग गरी नेपालका लागि भारतीय राजदूतावासको No. KAT/DP&R/२०२६/४१ को कूटनीतिक नोट तथा सो साथ प्राप्त कागजात बमोजिम संवत् २०८२ फागुन २१ गतेको प्रतिनिधि सभा निर्वाचन सहजीकरण प्रयोजनका लागि सहायता स्वरुप प्राप्त भारतीय रुपैयाँ १६,८२,६६,८९१।- (अक्षरेपि सोह्र करोड बयासी लाख छैसट्ठी हजार आठ सय एकानब्बे रुपैयाँ) मूल्य बराबरको १२,७२० वटा Body Protector, १९,००९ वटा Anti Riot Helmet र ९,१९० वटा Balastic Helmet पैठारीमा लाग्ने भन्सार महसुल, शुल्क, दस्तुर तथा कर पूर्ण छुट दिने निर्णय मिति २०८२/१२/१९ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना-७

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०८२ को दफा १८ को उपदफा (२) को अधिकार प्रयोग गरी यूनिसेफ नेपाल मार्फत सहयोगस्वरूप प्राप्त भई नेपाल सरकार, स्वास्थ्य सेवा विभाग व्यवस्थापन



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

महाशाखा टेकुलाई हस्तान्तरण गर्ने गरी स्वास्थ्य सेवा विभाग, परिवार कल्याण महाशाखा टेकु, काठमाडौंले राष्ट्रिय भिटामिन ए कार्यक्रम अन्तर्गत ६ देखि ५९ महिना उमेर समूहका सम्पूर्ण बालबालिकालाई वैशाख र कात्तिक महिना गरी वर्षमा दुई पटक देशव्यापी रूपमा भिटामिन ए क्याप्सुल, F-७५ तथा F-१०० पोषण सामग्री निःशुल्क वितरण गर्ने कार्यक्रमको लागि अमेरिकी डलर ५६,०१८.८८ (अक्षरेपि छपन्न हजार अठार सेन्ट अठासी) र जम्मा यूरो ११,९८३.६८ (अक्षरेपि एघार हजार नौ सय त्रियासी सेन्ट अठसट्ठी) मूल्य बराबरका ५,०८८ वटा Retinol 200, 000IU soft gel eapsule/PAC-500, ७२ वटा Therapeutic Milk F-75 र ७२ वटा Therapeutic Milk F-100 को लाग्ने कर, महसुल तथा शुल्क पूर्ण छुट दिने निर्णय मिति २०८२/१२/१९ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना-८

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०८२ को दफा १८ को उपदफा (२) को अधिकार प्रयोग गरी राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला, टेकुको अनुरोधमा विश्व स्वास्थ्य सङ्गठन नेपालको नाममा आयात भई स्वास्थ्य सेवा विभाग, राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला टेकुलाई हस्तान्तरण हुने विश्व स्वास्थ्य सङ्गठनबाट प्राप्त हुने अमेरिकी डलर २,०७०।- (अक्षरेपि दुइ हजार सत्तरी डलर), यूरो १,३७२।- (अक्षरेपि एक हजार तीन सय बहत्तर युरो) र भारतीय रुपैयाँ ३,४७,९९१.११ (अक्षरेपि तीन लाख सतचालिस हजार नौ सय एकानब्बे रुपैयाँ एघार पैसा) बराबरका Laboratory Diagnostic JE/ELSA TEST KITS, Laboratory Diagnostic MEASLES IgM ELSA TEST KITS, Laboratory Diagnostic Rubella IgM ELSA TEST KITS, Laboratory Diagnostic Rubella Avidity IgM ELSA TEST



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

KITS, Dengue Kits, Micro Immune Measles IgM Kit र Micro Immune Rubella IgM Kit जस्ता प्रयोगशालाजन्य सामग्रीको पैठारीमा लाग्ने भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूर्ण छुट दिने निर्णय मिति २०८२/१२/२३ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना-९

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०८२ को दफा १८ को उपदफा (२) को अधिकार प्रयोग गरी स्वास्थ्य सेवा विभाग इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, टेकुको अनुरोधमा विश्व स्वास्थ्य सङ्गठनबाट कालाजार रोगको प्रभावकारी उपचार सुनिश्चित गर्न विश्व स्वास्थ्य सङ्गठन नेपालको नाममा आयात भई स्वास्थ्य सेवा विभाग व्यवस्थापन महाशाखा टेकुलाई हस्तान्तरण हुने अमेरिकी डलर ६५,०००।- (अक्षरेपि पैसट्ठी हजार डलर) मूल्य बराबरका ४०० वटा Liposomal Amphotericin (बिजक नं. 7000440974) को पैठारीमा लाग्ने भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूर्ण छुट दिने निर्णय मिति २०८३/०१/०१ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना-१०

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०८२ को दफा १८ को उपदफा (२) को अधिकार प्रयोग गरी स्वास्थ्य सेवा विभाग, परिवार कल्याण महाशाखा टेकुको अनुरोधमा यूनिसेफ नेपालको नाममा आयात भई स्वास्थ्य सेवा विभाग व्यवस्थापन महाशाखा टेकुलाई हस्तान्तरण गर्ने गरी यूनिसेफ नेपालले शिशु तथा बालबालिकाको स्वास्थ्य संवेदनशीलता तथा जीवनरक्षालाई मध्यनजर



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गर्दै शीघ्र कुपोषण एकीकृत व्यवस्थापन कार्यक्रम अन्तर्गत अमेरिकी डलर ३,८०,०००।- (अक्षरेपि तीन लाख असी हजार डलर) मूल्य बराबरका १०,००० वटा Ready to Use Therapeutic Food (RUTF) (बिजक नं. E/2025-2026/156) को पैठारीमा लाग्ने भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूर्ण छुट दिने निर्णय मिति २०८३/०१/११ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना-११

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०८२ को दफा १८ को उपदफा (२) को अधिकार प्रयोग गरी नेपालका लागि भारतीय राजदूतावासको No. KAT/DP&R/२०२६/४५ को कूटनीतिक नोट तथा सो साथ प्राप्त कागजात बमोजिम संवत् २०८२ फागुन २१ गते सम्पन्न प्रतिनिधि सभा निर्वाचन सहजीकरण प्रयोजनका लागि सहायता स्वरूप उपलब्ध गराइएका भारतीय रुपैयाँ ४,६८,६२,०९७।- (अक्षरेपि चार करोड अठसट्ठी लाख बैसट्ठी हजार सन्तानब्बे रुपैयाँ) मूल्य बराबरको ३,००० वटा Anti Riot Helmet (Invoice no. 25262089), १,१६३ वटा Anti Riot Helmet (Invoice no. 25262090), ३,००० वटा Ballistic Helmet (Invoice no. 25262091) र १,६५० वटा Ballistic Helmet (Invoice no. 25262092) सामग्री गृह मन्त्रालयबाटै प्रचलित कानून बमोजिम अभिलेख तथा हस्तान्तरण लगायतका व्यवस्थापनका कार्य हुने गरी पैठारीमा लाग्ने दस्तुर, शुल्क र महसुल पूर्ण छुट दिने निर्णय मिति २०८३/०१/१६ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना-१२

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०८२ को दफा १८ को उपदफा (२) को अधिकार प्रयोग गरी शीघ्र कुपोषण एकीकृत व्यवस्थापन कार्यक्रम अन्तर्गत उपचारात्मक सेवाका लागि आवश्यक पर्ने RUTF (Ready to Use Therapeutic Food) FHI 360 मार्फत सहयोगस्वरूप प्राप्त भई स्वास्थ्य सेवा विभाग, परिवार कल्याण महाशाखा टेकु, काठमाडौंलाई हस्तान्तरण हुने अमेरिकी डलर ५,७०,१७०।- (अक्षरेपि पाँच लाख सत्तरी हजार एक सय सत्तरी डलर) मूल्य बराबरको Ready to Use Therapeutic Food (RUTF) (बीजक नं. र मिति 11918, 23-3-2026) र Ready to Use Therapeutic Food (RUTF) (बीजक नं. र मिति 11911, 23-3-2026) को पैठारीमा लाग्ने दस्तुर, शुल्क, महसुल वा कर पूर्ण छुट दिने निर्णय मिति २०८३/०१/१६ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना-१३

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०८२ को दफा १८ को उपदफा (२) को अधिकार प्रयोग गरी स्वास्थ्य सेवा विभाग परिवार कल्याण महाशाखा टेकु काठमाडौंले सुरक्षित मातृत्व तथा नवजात शिशु कार्यक्रम अन्तर्गत सुरक्षित प्रसुति तथा नवशिशुको सेवा उपलब्ध गराउन बर्थिङ सेन्टरहरू सञ्चालनको लागि UNFPA मार्फत सहयोगस्वरूप प्राप्त भई परिवार कल्याण महाशाखा टेकु, काठमाडौंलाई हस्तान्तरण हुने अमेरिकी डलर १८,८०३.५७ (अक्षरेपि अठार हजार आठ सय तीन सेन्ट सन्ताउन्न) मूल्य बराबरको MEG 17294, MEG 17299, MEG



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

17539, MEG 17540, UNICEF 50185926, UNICEF 50185927, UNICEF 50185961, UNICEF 50185962 र Joh. Achelis and Sohne GmbH AS2510119 को पैठारीमा लाग्ने दस्तुर, शुल्क महसुल वा कर पूर्ण छुट दिने निर्णय मिति २०८३/०१/१६ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना-१४

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०८२ को दफा १८ को उपदफा (२) को अधिकार प्रयोग गरी United Nations Development Programme (UNDP) ललितपुरको अनुरोधमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय र UNDP Nepal ले संयुक्त रूपमा सञ्चालन गरिरहेको Strengthening Health Resilience in Nepal-HIV, TB and Malaria (Global Fund Project) कार्यक्रमका लागि UNDP नेपालमार्फत पैठारी भई स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयलाई हस्तान्तरण हुने जम्मा अमेरिकी डलर १८,८८१.४४ (अक्षरेपि अठार हजार आठ सय एकासी सेन्ट चौवालिस) मूल्य बराबरको Moxifloxacin 400mg, Film Coated Tablet, 10×10 Tablet, blister को पैठारीमा लाग्ने दस्तुर, शुल्क, महसुल वा कर पूर्ण छुट दिने निर्णय मिति २०८३/०१/१६ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना-१५

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०८२ को दफा १८ को उपदफा (२) को अधिकार प्रयोग गरी राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्र टेकु, काठमाडौंको अनुरोधमा USAID/FHI३६० (EpiC) नेपालमार्फत आयात भई नेपाल सरकार राष्ट्रिय एड्स तथा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

यौन रोग नियन्त्रण केन्द्र टेकुलाई सहयोगस्वरूप हस्तान्तरण गरिने अमेरिकी डलर १,१५,४३२.१६ (अक्षरेपि एक लाख पन्ध्र हजार चार सय बत्तिस सेन्ट सोह्र) बराबरका Antiretroviral Therapy (ART) सेवामा आबद्ध भएका र नयाँ एचआईभी सङ्क्रमितहरूलाई नियमित रूपमा HIV Viral Load परीक्षण गर्न हुने HIV Viral Load Reagent लगायतका सामग्रीको पैठारीमा लाग्ने दस्तुर, शुल्क, महसुल वा कर पूर्ण छुट दिने निर्णय मिति २०८३/०१/२१ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना-१६

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०८२ को दफा १८ को उपदफा (२) को अधिकार प्रयोग गरी संयुक्त राष्ट्र सङ्घको Contingency Plan अन्तर्गत MINUSCA मिसनमा कार्यरत नेपाली शान्ति सैनिकहरूको सङ्ख्या घटे पश्चात स्वदेश फिर्ता ल्याउन बाँकी रहेका Contingent Owned Equipment (COE) अन्तर्गतका बिल नं. CPH37800667, CPH37800697 र CPH37800666 मा उल्लेख भए बमोजिम UN को बन्दोबस्तमा SCAN GLOBAL LOGISTICS ले Shipment गरी नेपालमा फिर्ता ल्याउन लागिएको अमेरिकी डलर २६,२०,०८६।- (अक्षरेपि छब्बिस लाख बिस हजार छयासी डलर) मूल्य बराबरको (१५ X Vehicles, १ X Trailer र २ X Containers) सामग्रीको पैठारीमा लाग्ने Contingent Owned Equipment (COE) अन्तर्गतका उक्त सामग्रीको पैठारीमा लाग्ने दस्तुर, शुल्क, महसुल वा कर पूर्ण छुट दिने निर्णय मिति २०८३/०१/२३ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना-१७

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०८२ को दफा १८ को उपदफा (२) को अधिकार प्रयोग गरी स्वास्थ्य सेवा विभाग टेकु, काठमाडौंमा आवश्यक गर्भनिरोधक तथा प्रजनन स्वास्थ्य सम्बन्धी कार्यक्रमका लागि UNFPA Nepal मार्फत आयात भई स्वास्थ्य सेवा विभाग टेकुलाई सहयोगस्वरूप हस्तान्तरण गरिने अमेरिकी डलर ७४,२१५.८० (अक्षरेपि चौहत्तर हजार दुई सय पन्ध्र सेन्ट असी) बराबरको SAYANAPR 160mg/ml SAS 200×0.65ml UNJ ISE (Depot Medroxyprogesterone Acetate Subcutaneous DMPA SC), Fistula Repair Kit 1 र Fistula Repair Kit 2, Supplementary Item सामग्रीको पैठारीमा लाग्ने दस्तुर, शुल्क,महसुल वा कर पूर्ण छुट दिने निर्णय मिति २०८३/०१/२८ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना-१८

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०८२ को दफा १८ को उपदफा (२) को अधिकार प्रयोग गरी United Nations Development Programme (UNDP) ललितपुरको अनुरोधमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय र UNDP Nepal ले संयुक्त रूपमा सञ्चालन गरिरहेको Strengthening Health Resilience in Nepal-HIV, TB and Malaria (Global Fund Project कार्यक्रमका लागि UNDP नेपाल मार्फत पैठारी भई सो मन्त्रालयलाई हस्तान्तरण हुने अमेरिकी डलर १९,४२५।- (अक्षरेपि उन्नाइस हजार चार सय पच्चिस डलर) मूल्य बराबरको Isentress 400mg. Tablet (bottle of 60 tablet को पैठारीमा लाग्ने दस्तुर, शुल्क, महसुल वा कर पूर्ण रुपमा छुट दिने निर्णय मिति २०८३/०२/१४ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना-१९

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०८२ को दफा १८ को उपदफा (२) को अधिकार प्रयोग गरी स्वास्थ्य सेवा विभागको इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको अनुरोधमा विश्व स्वास्थ्य सङ्गठन मार्फत कोशी, मधेश, बागमती र लुम्बिनी प्रदेशका केही जिल्लाहरूमा सञ्चालन हुने IIS-१ (IDA Impact Survey-१) तथा TAS-३ (Transmission Assessment Survey-३) सर्भेका लागि विश्व स्वास्थ्य सङ्गठन नेपालको नाममा आयात भई नेपाल सरकार स्वास्थ्य सेवा विभाग, इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा टेकुलाई अनुदानस्वरूप हस्तान्तरण हुने अमेरिकी डलर ५४,२१०।- (अक्षरेपि चौवन्न हजार दुई सय दश डलर) बराबरको Filarial Test Strips (FTS) सम्बन्धी Bioline Filariasis Test Strip सामग्रीको पैठारीमा लाग्ने भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूर्ण छुट दिने निर्णय मिति २०८३/०२/२७ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना-२०

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०८२ को दफा १८ को उपदफा (२) को अधिकार प्रयोग गरी नेपाल सरकार, स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयको अनुरोधमा विश्व स्वास्थ्य सङ्गठन नेपालको नाममा आयात भई नेपाल सरकार स्वास्थ्य सेवा विभाग व्यवस्थापन महाशाखा टेकुलाई अनुदानस्वरूप हस्तान्तरण हुने अमेरिकी डलर ४०,५००।- (अक्षरेपि चालिस हजार पाँच सय डलर) मूल्य बराबरको Rabies Vaccine Inactivated (Freeze-dried) सामग्रीको पैठारीमा लाग्ने भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूर्ण छुट दिने निर्णय मिति २०८३/०३/०४ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना-२१

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०८२ को दफा १८ को उपदफा (२) को अधिकार प्रयोग गरी स्वास्थ्य सेवा विभाग टेकु, काठमाडौंको अनुरोधमा गर्भ निरोधक तथा प्रजनन स्वास्थ्य सम्बन्धी कार्यक्रमका लागि संयुक्त राष्ट्रसङ्घीय जनसङ्ख्या कोष नेपालमार्फत आयात भई नेपाल सरकार स्वास्थ्य सेवा विभाग व्यवस्थापन महाशाखालाई सहयोगस्वरूप हस्तान्तरण गरिने अमेरिकी डलर २,२५,०००।- (अक्षरेपि दुई लाख पच्चिस हजार अमेरिकी डलर) बराबरका Medroxyprogesterone Acetate USP 150 mg/ml Syringe, autodestructable 2 ml with needle 22G*l, अमेरिकी डलर १,२६,१६१.२८ (अक्षरेपि एक लाख छब्बिस हजार एक सय एकसट्ठी सेन्ट अट्ठाइस) बराबरका ZINNIA F Levonorgestrel 0.15 mg+ Iron (Oral Contraceptive pills, Vol 600, 768 cycles) र अमेरिकी डलर १,००,८३०।- (अक्षरेपि एक लाख आठ सय तिस डलर) बराबरका Male Latex Condom, 53 mm Chocolate सामग्रीहरू गरी अमेरिकी डलर ४,५१,९९१.२८ (अक्षरेपि चार लाख एकाउन्न हजार नौ सय एकानब्बे सेन्ट अट्ठाइस) मूल्य बराबरका सामग्रीको पैठारीमा लाग्ने दस्तुर, शुल्क, महसुल वा कर पूर्ण छुट दिने निर्णय मिति २०८३/०३/०५ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना-२२

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०८२ को दफा १८ को उपदफा (२) को अधिकार प्रयोग गरी इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा टेकुको अनुरोधमा कालाजार तथा मलेरिया निवारण कार्यक्रमका लागि विश्व स्वास्थ्य सङ्गठन नेपालको नाममा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आयात भई नेपाल सरकार स्वास्थ्य सेवा विभाग, व्यवस्थापन महाशाखा टेकुलाई अनुदानस्वरूप हस्तान्तरण हुने अमेरिकी डलर १३,६७.४९ (अक्षरेपि एक हजार तीन सय सतसट्ठी सेन्ट उनन्चास) मूल्य बराबरको Insecticide- impregnated paper for Insecticide Resistance Monitoring (WHO/VCRU 068/2026) सामग्रीको पैठारीमा लाग्ने दस्तुर, शुल्क, महसुल वा कर पूर्ण छुट दिने निर्णय मिति २०८३/०३/०५ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना-२३

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०८२ को दफा १८ को उपदफा (२) को अधिकार प्रयोग गरी United Nations Development Programme (UNDP) ललितपुरको अनुरोधमा नेपाल सरकार, स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय र UNDP Nepal ले संयुक्त रूपमा सञ्चालन गरिरहेको Strengthening Health Resilience in Nepal-HIV, TB and Malaria (Global Fund Project) कार्यक्रमका लागि UNDP नेपाल मार्फत पैठारी भई सो मन्त्रालयलाई हस्तान्तरण गरी कार्यक्रममा उपयोग हुने अमेरिकी डलर २०,८३७.३८ (अक्षरेपि बिस हजार आठ सय सैंतिस सेन्ट अठतिस) बराबरका Lopinavir 200 Mg+ Ritonavir 50 Mg सामग्री र यूरो ६९८.६० (अक्षरेपि छ सय अन्ठानब्बे सेन्ट साठी) मूल्य बराबरको Cryovial EXT TRDSS 1.8/2 ML सामग्रीको पैठारीमा लाग्ने भन्सार महसुल तथा अन्य कर छुट दिने निर्णय मिति २०८३/०३/०५ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना-२४

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०८२ को दफा १८ को उपदफा (२) को अधिकार प्रयोग गरी गैरकानूनी रूपमा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अमेरिका पुगेका र हाल New York District Attorney को अधीनमा रहेका तामामा सुन जलप लगाएको पद्मपाणि लोकेश्वरको मूर्ति (१३ औ शताब्दीमा निर्मित भई १७ ३/४ x १ ३/४ x ४ ३/४ इन्च नाप भएको र हाल अन्तर्राष्ट्रिय बजार मूल्य २.५ मिलियन अमेरिकी डलर भएको) र काठको नृत्यदेवीको पुरातात्विक महत्वको मूर्ति (१६औ शताब्दीमा निर्माण भई ३३ x १३ १/२ x ९ इन्च नाप भएको र हाल अन्तर्राष्ट्रिय बजार मूल्य दुई लाख अमेरिकी डलर भएको) दुई कलात्मक वस्तुहरू पुरातत्त्व विभागका प्रतिनिधिले बुझिलिने गरी न्यूयोर्कस्थित नेपाली महावाणिज्य दूतावास र नेवाः गुठी न्यूयोर्कबिच भएको सहमति बमोजिम नेवाः गुठी न्यूयोर्कको आर्थिक सहयोगमा न्यूयोर्कबाट QATAR Airways QR७०४ को NY JFK- DOH र दोहाबाट QR६४६ DOH-KTM को उडानमार्फत मिति २०२६ जुन २६ (२०८३ असार १२ गते शुक्रबार साँझ १६:४५ बजे) मा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, काठमाडौं आइपुगेकोले उक्त वस्तुहरू नेपाल फिर्ता गर्दा लाग्ने भन्सार महसुल तथा अन्य सम्पूर्ण दस्तुर, महसुल वा कर पूर्ण छुट दिने निर्णय मिति २०८३/०३/१७ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना-२५

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०८२ को दफा १८ को उपदफा (२) को अधिकार प्रयोग गरी विश्व स्वास्थ्य सङ्गठन नेपालको नाममा आयात भई नेपाल सरकार स्वास्थ्य सेवा विभाग, राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला टेकुलाई अनुदानस्वरूप हस्तान्तरण हुने अमेरिकी डलर २,४८४।- (अक्षरेपि दुई हजार चार सय चौरासी डलर) बराबरका JE IgM Kits र भारतीय रूपैयाँ १,१०,७५०।-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(अक्षरेपि एक लाख दश हजार सात सय पचास रुपैयाँ) मूल्य बराबरका Dengue Kits र Micro Immune IgM Rubella Kits को पैठारीमा लाग्ने दस्तुर, शुल्क, महसुल वा कर पूर्ण छुट दिने निर्णय मिति २०८३/०३/२२ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना-२६

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०८२ को दफा १८ को उपदफा (२) को अधिकार प्रयोग गरी संयुक्त राष्ट्र सङ्घको Contingency Plan अन्तर्गत UNISFA मिसन अवेमा कार्यरत नेपाली शान्ति सैनिकहरूको सङ्ख्या घटेपश्चात स्वदेश फिर्ता ल्याउन बाँकी रहेका Contingent Owned Equipment (COE) अन्तर्गतका बिल नं. CPH३७८००६९१ र Cargo Load List मा उल्लेख भए अनुसार USD ७६,०७,१३८.६६ (अक्षरेपि छयत्तर लाख सात हजार एक सय अठतिस सेन्ट छैसट्ठी) मूल्य बराबरको (१३ X Containers, २३ X Vehicle, ४ X Trailer and ६ X Generators) सामग्री नेपाल फिर्ता ल्याउँदा पैठारीमा लाग्ने दस्तुर, शुल्क, महसुल वा कर पूर्ण छुट दिने निर्णय मिति २०८३/०३/२५ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

**आज्ञाले,**

**डा. घनश्याम उपाध्याय**

**नेपाल सरकारको सचिव ।**

मुद्रण विभाग



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू.१५।-
गो.हु.द.नं. १६।२०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।